# धनपालथान गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सोराभाग,मोरङ
१ नं. प्रदेश नेपाल
फोन नं. ०२१-५६५१२२

प.स. ०७७।०७८
च.नं.

### सिलबन्दी दरभाउपत्र आह्वानको सुचना

(प्रथम पटक प्रकाशित मिति:- २०७८/०३/०४ गते)

यस धनपालथान गाउँ कार्यपालिकाको कार्यालय मार्फत तपशिल बमोजिमका माछा भुरा खरिद कार्य गराउनु पर्ने भएकोले इच्छुक नेपाल सरकारबाट कृषि तथा पशुपन्छी सम्बन्धि काम गर्न इजाजत प्राप्त संस्था/फर्म/कम्पनी वा ह्याचरीहरुबाट निम्न बमोजिमको शर्त पालना गर्ने गरी रितपुर्वक गोप्य सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसिल:

१. दरभाउपत्र दाताले कृषि तथा पशुपन्छी सम्बन्धि काम गर्ने संस्था/फर्म/कम्पनी वा ह्याचरी दर्ताको प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नम्बर तथा मुल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र र व्यवसायिक इजाजत प्रमाणपत्र आ.व. २०७७/०७८ सम्मको नबिकरण भएको र आ.व. २०७६/०७७ सम्मको करचुक्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।
२. मिति २०७८/०३/१८ गते सम्ममा कार्यालय समय भित्र रु. १०००।०० तिरी यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिनेछ ।
३. मिति २०७८/०३/१९ गते दिनको १२:०० बजे भित्र नियमानुसार सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ ।
४.प्राप्त दरभाउपत्र कार्यालय प्रतिनिधि र बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा मिति २०७८/०३/१९ गते दिनको २:०० वजे कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन । म्याद नाघी, रित नपुगी र शर्त राखी आएको दरभाउपत्र उपर कुनै कार्यवाही हुने छैन ।
५. माछाका भुरा खरिद गर्दा नेपाल सरकार तथा प्रदेश सरकारका सरकारी मत्स्य फर्म तथा प्राईभेट मत्स्य ह्याचरी आधिकारीक नर्सरी कर्ता निजी मत्स्य फर्महरु हुनुपर्नेछ ।
६. नेपाल सरकारले मत्स्य पालनमा सिफारिस गरिएका जातहरुका भुराहरु हुनुपर्नेछ ।
७. माछाका भुरा ७ ग्राम देखि १२ ग्राम सम्मका हुनुपर्नेछ । जम्मा माछाको तौल २५६० किलोग्राम पुग्नुपर्नेछ ।
८. माछाका भुरा उत्पादन गर्ने ह्याचरीबाट भुरा ल्याउदा रोग परजिबी मुक्त हुनुपर्नेछ ।
९. माछाका भुरा स्वास्थ्य फुर्तिलो आखा चम्किलो हुनुपर्नेछ ।
१०.माछाका भुरा ढुवानीका लागि प्याकिङ्ग गर्नुपुर्व भुराको अबस्था हेरी ८ देखि २४ घण्टा सेम्डिङ्ग गराएका हुनुपर्नेछ ।
११.भुरा प्याकेजिङ्ग गर्दा सफा स्वस्थ्य पानी र अक्सिजनको प्रयोग भएको हुनुपर्नेछ ।
१२.माछाका भुरा ढुवानी भएको प्याक थैलो भित्र पट्टी माछाको जात संख्या साइज आदीको लेबल गरिएको हुनुपर्नेछ ।
१३.माछाका भुरा उठाउनु अगाडी स्विकृत फर्मले माछा बिज्ञबाट निरीक्षण गराएर मात्र भुरा ढुवानी गर्नुपर्नेछ, साथै ह्याचरी देखि कृषकलाई नबुझाए सम्म भएको क्षतिपूर्ति स्वयं ठेकेदारले व्यहोर्नु पर्नेछ ।
१४.आपूर्तिकर्ताले दरभाउपत्र पेश गर्दा सम्पूर्ण खर्च समावेश गरी पेश गर्नुपर्नेछ ।
१५.दरभाउपत्र साथ तपसिल अनुसार तोकिएको धरौटी वापतको रकम धनपालथान गाउँ कार्यपालिकाको कार्यालय कर्सिया मोरङको नाममा मेघा बैंक धरौटी खाता नं. ००८००१००९६५५३ मा जम्मा गरेको सक्कल भौचर वा जमानत प्राप्त बैंकबाट दरभाउपत्रको अन्तिम मितिबाट लागू हुने गरी ९० दिन म्याद भएको बिडवण्ड संलग्न गर्नुपर्नेछ ।
१६.प्रथम पटकको सूचना प्रकाशन भएको मितिले सिलबन्दी दरभाउपत्र बिक्रि गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट खोलिनेछ ।.
१७. दरभाउपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
१८. विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।
१९. यस सुचनामा परेका बिषय यसै बमोजिम नपेरेका अन्य कुराहरु सार्वजनिक खरीद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम हुनेछ ।

तपसिल:-

| क्र.सं. | सुचना नं. | कामको बिबरण | कुल लागत अनुमान रकम | धरौटी रकम | दरभाउपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ३१/२०७७/०७८ पशुपंक्षी सेवा शाखा | माछाको भुरा खरिद | रु.१६,००,०००।०० | रु.४८०००।० | रु.१०००।०० | |

प्रमुख प्रशासकीय अधिकृत

शाखा प्रमुख

# धनपालथान गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सोराभाग मोरङ
नं. १ प्रदेश नेपाल
फोन नं. ०२१-५६५१२२

प.सं. ०७७।०७८
च.नं.

धनपालथान गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पशु सेवा शाखा सोराभाग, मोरङ

### सिलबन्दी दरभाउपत्र आह्वानको सुचना
(प्रथम पटक प्रकाशित मितिः- २०७८/०३/०४ गते)

यस धनपालथान गाउँ कार्यपालिकाको कार्यालय मार्फत तपशिल बमोजिमका माछा भुरा खरिद कार्य गराउनु पर्ने भएकोले इच्छुक नेपाल सरकारबाट कृषि तथा पशुपन्छी सम्बन्धि काम गर्न इजाजत प्राप्त संस्था/फर्म/कम्पनी वा ब्याचरीहरुबाट निम्न बमोजिमको शर्त पालना गर्ने गरी रितपुर्वक गोप्य शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | सुचना नं. | कामको बिबरण | कुल लागत अनुमान रकम | धरौटी रकम | दरभाउपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ३१/२०७७/०७८ पशुपंक्षी सेवा शाखा | माछाको भुरा खरिद | रु.१६,००,०००।०० | रु.४८०००।० | रु.१०००।०० | |

थप शर्तहरु तथा जानकारीको लागि यस गा.पा.को Website:dhanapalthanmun.gov.np वाटजानकारी लिन सकिनेछ ।

शाखा प्रमुख